# खोप सेवा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा, मधेश प्रदेश

जनकपुरधाम

# खोप सेवा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण मिति

.....................

सम्वत् २०७९ सालको ऐन नं. .................

प्रस्तावनाः खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण र उन्मूलन गरी शिशु मृत्यु, बाल मृत्यु, मातृ मृत्यु र अन्य लक्षित वर्गको मृत्यु तथा अशक्तता घटाई देश विकासका लागि स्वस्थ्य नागरिक तयार गर्ने अभिप्रायले लक्षित वर्गलाई सर्वसुलभ रुपमा खोप लगाउने व्यवस्था गर्न र खोपको लागि दिगो रुपमा वित्तीय स्रोतको व्यवस्था गरी खोप सेवाको विकास, विस्तार र सुदृढीकरण एवं सेवाग्राहीको स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गर्नको निमित्त खोप सेवा सञ्चालन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश खोप ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अनुमतिपत्र ” भन्नाले दफा १३ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) “अनुसन्धान समिति” भन्नाले दफा २९ बमोजिमको अनुसन्धान समिति सम्झनु पर्छ ।

(ग) “कोष” भन्नाले दफा २० बमोजिमको खोप कोष सम्झनु पर्छ ।

(घ) “खोप (भ्याक्सिन)” भन्नाले खोपको माध्यमबाट रोकथाम, नियन्त्रण, निवारण र उन्मूलन गर्न सकिने कुनै खास रोगको विरुद्ध दिइने खोप सम्झनु पर्छ ।

(ङ) “खोप दिने व्यक्ति” भन्नाले खोप दिने स्वास्थ्यकर्मी वा चिकित्सक सम्झनु पर्छ । सो शब्दले खास प्रकारको खोप दिन तोकिएको व्यक्तिलाई समेत जनाउनेछ ।

(च) "खोप लिएको वा लिने व्यक्ति" भन्नाले खोप प्राप्त गरेको वा प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ ।

(छ) "खोप सेवा" भन्नाले यस ऐन बमोजिम प्रदान गर्ने खोप कार्य सम्झनु पर्छ र सो शब्दले खोप सेवाको सञ्चालन र सो सेवा सञ्चालनको लागि आवश्यक पर्ने खोप तथा खोप सामग्रीको खरिद एवं आपूर्ति गर्ने कार्य सम्झनु पर्छ ।

(ज) "खोप कार्ड" खोप कार्ड भन्नाले दफा १९ बमोजिम प्रदान गरिएको खोप कार्ड सम्झनु पर्छ ।

(झ) "खोप कार्यक्रम" भन्नाले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण र उन्मूलन गर्नको लागि मन्त्रालयले नियमित वा अभियानको रुपमा सञ्चालन गर्ने प्रदेश खोप कार्यक्रम सम्झनु पर्छ र सो शब्दले खोपद्वारा रोग लाग्नबाट बचाउन सकिने रोगको

निगरानी गर्ने र भ्याक्सिन व्यवस्थापन गर्ने कार्य समेतलाई जनाउँछ ।

(ञ) "चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा दर्ता कायम रहेको व्यक्ति सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले मधेश प्रदेशको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ड) "लक्षित वर्ग" भन्नाले खोपको माध्यमबाट रोकथाम, नियन्त्रण, निवारण र उन्मूलन गर्न सकिने रोगको विरुद्ध खोप दिनु पर्ने भनी खोप कार्यक्रममा किटान गरिएका व्यक्ति, समुदाय वा वर्ग सम्झनु पर्छ ।

(ढ) "समन्वय समिति" भन्नाले दफा २८ बमोजिमको प्रदेश खोप समन्वय समिति सम्झनु पर्छ ।

(ण) “समिति” भन्नाले दफा २५ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(त) “स्वास्थ्यकर्मी” भन्नाले स्वास्थ्यकर्मीको लागि निर्धारित शैक्षिक योग्यता हासिल गरेको वा तालिम प्राप्त गरी प्रचलित कानून बमोजिम स्थापना भएको परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद- २

## खोप र खोप सेवा सञ्चालन सम्बन्धी व्यवस्था

३. **लक्षित वर्गलाई खोप पाउने अधिकार हुने:** (१) लक्षित वर्गलाई खोप कार्यक्रममा समावेश भएका खोपहरु नि:शुल्क रुपमा लगाउन पाउने अधिकार हुनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि “लक्षित वर्ग” भन्नाले कुनै खास किसिमका रोगको रोकथाम, नियन्त्रण, निवारण र उल्मूलन गर्नको लागि खोप दिनु पर्ने भनी खोप कार्यक्रममा किटान गरिएका वर्ग, समुदाय, उमेर वा क्षेत्रका व्यक्तिलाई सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट स्वीकृत प्राप्त निजी, गैरसरकारी वा सामुदायिक स्वास्थ्य संस्था वा निकायबाट खोप कार्यक्रममा समावेश नभएका खोप लगाए वापत मन्त्रालय वा अन्तर्गतका निकायले निर्धारण गरे बमोजिमको शुल्क लिन बाधा पर्ने छैन ।

(३) खोपको माध्यमबाट रोकथाम, नियन्त्रण, निवारण र उन्मूलन गर्न सकिने रोग विरुद्ध लगाइने खोप खोप कार्यक्रममा समावेश हुनेछ ।

(४) मन्त्रालयले कुनै खास मिति र समय तोकि कुनै अस्पताल, स्वास्थ्य संस्था, खोप केन्द्र, घुम्ती खोप क्लिनिक वा अन्य स्थानबाट खोप लगाउने व्यवस्था गर्नेछ ।

(५) मन्त्रालयले यस दफा बमोजिम खोप दिने प्रयोजनको लागि सम्बन्धित स्थानीय तह, प्रहरी, प्रशासन तथा स्वयंसेवकहरुको सहयोग लिन सक्नेछ ।

४. **नियमित रुपमा खोप सेवा उपलब्ध गराउनु पर्नेः** प्रदेश सरकारले खोप कार्यक्रममा समावेश भएका खोपहरु स्वास्थ्य संस्था, खोप केन्द्र वा तोकिएको स्थान, मिति र समयमा नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ ।

५. **अनिवार्य रुपमा खोप लगाउनु पर्नेः** (१) लक्षित वर्गले खोप कार्यक्रममा समावेश भएका खोप अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

(२) अभिभावक वा संरक्षकले आफ्ना शिशु, बालबालिका र परिवारका सदस्य वा आफ्नो संरक्षणमा रहेका व्यक्तिलाई उपदफा (१) बमोजिमका खोप अनिवार्य रुपमा लगाउने व्यवस्था गर्नु पर्नेछ ।

(३) सैनिक व्यारेक, प्रहरी कार्यालय, विद्यालय, अस्पताल वा स्वास्थ्य संस्था, बालगृह, बाल स्याहार केन्द्र, कारागार, अन्य सरकारी कार्यालय, उद्योग, कलकारखाना, गैरसरकारी तथा निजी संघ संस्थाले आफ्नो परिधि वा आफू मातहत रहेका खोप लिन योग्य व्यक्तिले खोप लगाएको सुनिश्चित गर्नु पर्नेछ ।

६. **खोप कार्यक्रम सञ्चालनमा अवरोध गर्न नपाईने:** (१) कसैले खोप कार्यक्रम सञ्चालन सम्बन्धी कार्यमा कुनै पनि किसिमको बाधा अवरोध गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

७. **खोप दिन नहुने:** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैलाई खोप कार्यक्रममा उल्लेखित कुनै खोप दिन नहुने अवस्था भएमा त्यस्तो खोप सो व्यक्तिलाई दिनु हुँदैन ।

(२) खोप दिने व्यक्ति वा संस्थाले उपदफा (१) बमोजिम खोप दिन नहुने व्यक्तिको अभिलेख राखी सम्बन्धित निकायमा सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

८. **खोप लगाउनु पूर्व जानकारी दिनु पर्ने:** (१) खोप लगाउनु पूर्व खोप दिने व्यक्तिले मौखिक वा अन्य कुनै माध्यमबाट खोपको प्रकृति, फाइदा र सम्भावित अवान्छित असरका बारेमा खोप लिने व्यक्ति वा

निजको अभिभावक वा संरक्षकलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खोप लिने व्यक्ति, नाबालक, अशक्त वा मानसिक रुपमा ठिक नभएमा खोप दिने व्यक्तिले सोको जानकारी निजको अभिभावक वा संरक्षकलाई गराउनु पर्नेछ ।

९. <u>विशेष खोप सेवा सञ्चालन गर्ने</u>: (१) मन्त्रालयले खोपको माध्यमबाट उन्मूलन, निवारण, नियन्त्रण र रोकथाम गर्न सकिने कुनै खास रोग विरुद्ध वा प्राकृतिक प्रकोप तथा महामारी नियन्त्रण गर्न अभियानको रुपमा विशेष खोप सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको खोप सेवा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार चिकित्सक, स्वास्थ्यकर्मी वा स्वयंसेवकहरुलाई खटाउन वा परिचालन गर्न सक्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको खोप सेवा सञ्चालन गर्न सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीका अतिरिक्त निजी,

गैरसरकारी वा सामुदायिक स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मीलाई समेत खटाउन सक्नेछ ।

१०. चिकित्सक र स्वास्थ्यकर्मीको कर्तव्यः यस ऐन बमोजिम खोप लगाउने कार्यमा संलग्न हुनु र सहयोग गर्नु सम्बन्धित चिकित्सक र स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

११. खोप मापदण्ड बमोजिम हुनु पर्नेः यस ऐन बमोजिम लगाइने खोप तोकिएको मापदण्ड बमोजिम हुनु पर्नेछ ।

१२. खोपको लागि आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेः (१) प्रदेश सरकारले खोप कार्यक्रममा समावेश भएका खोप सेवा सञ्चालन गर्नको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गर्नेछ ।

(२) खोप सेवाको सम्बन्धमा अध्ययन, अनुसन्धान, विकास र विस्तारका लागि कोषमा थप रकम उपलब्ध गराउनु सरकारको दायित्व हुनेछ ।

(३) खोप कार्यक्रमको लागि विनियोजन भएको रकम अन्य कार्यक्रममा खर्च गर्न पाइने छैन ।

१३. **अनुमतिपत्र लिनु पर्नेः** (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी, गैर सरकारी, सामुदायिक अस्पताल वा स्वास्थ्य संस्थाले तोकिएको निकायबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खोप सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त अस्पताल वा स्वास्थ्य संस्थाले सञ्चालन गरेको खोप सेवाको प्रतिवेदन तोकिएको निकाय वा स्वास्थ्य संस्थामा नियमित रुपले पेश गर्नु पर्नेछ ।

१४. **संरक्षक वा अभिभावकको दायित्वः** आफ्नो संरक्षकत्व, अभिभावकत्वमा वा अधिनमा रहेका शिशु वा बालबालिका वा कुनै व्यक्तिलाई खोप कार्यक्रममा समावेश भएको खोप लागाउने व्यवस्था गर्नु संरक्षक, अभिभावक वा व्यक्तिको दायित्व हुनेछ ।

१५. **खोप सेवाको अभिलेख राख्नु पर्नेः** (१) यस ऐन बमोजिम खोप लगाएका व्यक्तिको अभिलेख खोप दिने निकायले तोकिएको ढाँचामा दुरुस्त राख्नु पर्नेछ ।

(२) खोप कार्यमा संलग्न पदाधिकारी वा निकाले खोपको खरिद, भण्डारण, ढुवानी र खोप सम्बन्धी भए गरेका कामकारबाहीको समय समयमा अध्यावधिक गरी कम्प्युटर प्रणालीको माध्यमबाट व्यवस्थित रुपमा अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद- ३

## खोप (भ्याक्सिन) को व्यवस्थापन

१६. दर्ता भएको खोप आपूर्ति गर्नु पर्नेः (१) खोप आपूर्ति गर्ने निकाय वा संस्थाले औषधि व्यवस्था विभागमा दर्ता भएको खोप मात्र आपूर्ति गर्न पाउनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको खोप असल उत्पादन प्रक्रिया अपनाइएको र विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त भनी प्रमाणित भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानमा प्राकृतिक प्रकोप तथा महामारी फैलिई तत्काल रोग रोकथाम गर्न आवश्यक ठानी खोप सेवा सञ्चालन गर्नु परेमा र त्यस्ता खोपहरु विश्व स्वास्थ्य संगठनबाट

गुणस्तरयुक्त भनी प्रमाणित भई नसकेको देहाय बमोजिमका खोपहरु आपूर्ति गर्न सकिने छ ।

(क) असल उत्पादन प्रक्रिया अपनाई उत्पादन भएको,

(ख) उत्पादन भएको मुलुक वा अन्य देशमा प्रयोग भइसकेको,

(ग) उत्पादन गर्ने देशको नियमनकारी निकायमा दर्ता भएको,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको व्यहोरा औषधि व्यवस्था विभागले प्रमाणित गरेको ।

तर उपदफा (१) र (३) मा उल्लेख भएका खोपहरु आपूर्ति गर्दा नियमनकारी निकायको समन्वयमा आपूर्ति गर्नु पर्नेछ ।

१७. <u>खोपको भण्डारण, ढुवानी र वितरण</u>: (१) खोपको खरिद, भण्डारण, ढुवानी र वितरण तोकिएको मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

(२) खोपको उत्पादन देखि प्रयोग हुँदाको अवधिसम्म तोकिएको तापक्रम कायम गर्नु पर्नेछ ।

१८. <u>खोप सेवा सञ्चालन गर्नु पर्ने</u>: (१) अनुमति प्राप्त कुनै निजी, गैरसरकारी, सामुदायिक अस्पताल वा अन्य स्वास्थ्य संस्थाले यो ऐनको अतिरिक्त अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम खोप सेवा सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खोप सेवा सञ्चालन गर्ने निकायले आफूले सञ्चालन गरेको खोप सेवाको प्रतिवेदन तोकिएको ढाँचामा तोकिएको निकायमा नियमित रुपमा पेश गर्नु पर्नेछ ।

(३) मन्त्रालय वा मातहतको सम्बन्धित निकायले उपदफा (१) बमोजिम सञ्चालित खोप सेवाको नियमित अनुगमन गर्नेछ ।

## परिच्छेद- ४

## खोप कार्ड सम्बन्धी व्यवस्था

१९. <u>खोप कार्ड दिनु पर्ने</u>: (१) खोप लगाएको व्यक्तिलाई खोप लगाएको प्रमाण स्वरुप खोप दिने निकायले तोकिएको ढाँचामा खोप कार्ड दिनु पर्नेछ ।

(२) खोप कार्यक्रममा खोप चरणबद्ध रुपमा लगाउनु पर्ने भएमा सबै चरणका खोप पुरा

भएपछि खोप लगाएको व्यक्तिलाई तोकिएको ढाँचामा खोप लगाएको प्रमाण पत्र दिनु पर्नेछ ।

(३) खोप लिने व्यक्ति वा निजको अभिभावक वा संरक्षकले खोप कार्ड सुरक्षित राख्नु पर्नेछ ।

## परिच्छेद- ५

## कोष तथा लेखा परीक्षण

२०. **कोषको स्थापनाः** (१) खोप कार्यक्रमको विकास, विस्तार तथा सञ्चालन समेतको कार्यका लागि "प्रदेश खोप कोष" नामको एक कोष स्थापना गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति, वित्तीय, सहकारी वा अन्य संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) कोषको लगानीबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको खाताको सञ्चालन सदस्य सचिव र कोषको लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीबाट हुनेछ ।

(६) जनस्वास्थ्य महाशाखा कोषको सचिवालयको रुपमा काम गर्नेछ ।

२१. <u>**कोषको प्रयोग**</u>ः (१) कोषको रकम देहायको कार्यमा खर्च गर्न सकिने छ :-

(क) खोप वा खोपजन्य सामग्री खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्न,

(ख) प्राकृतिक प्रकोप वा महामारीका कारण तत्काल खोप खरिद गर्न

आवश्यक भएमा त्यस्तो खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्न,

(ग) खोप कार्यक्रमको विकास तथा विस्तारका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्न,

(घ) खोप लगाएपछि शारीरिक वा मानसिक वा अन्य तबरबाट गम्भिर असर पुगेको पिडित व्यक्तिलाई क्षतिपूर्ति वापतको रकम उपलब्ध गराउन,

(ङ) खोप कार्यक्रममा प्रयोग हुने खोप निजी क्षेत्रको साझेदारीमा मुलुकभित्र उत्पादन गर्न लागत प्रभावकारीताको दृष्टिले उपयुक्त हुने देखिएमा त्यस्तो खोप उत्पादन कार्यमा लगानी गर्न,

(२) उपदफा (१) बमोजिमको कार्यमा खर्च गर्दा समितिले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

२२. **कोषको रकम अन्य काममा खर्च गर्न नसकिने**: समितिले कोषको रकम दफा २१ को उपदफा (१) मा उल्लेख भएको कार्यमा बाहेक अन्यत्र खर्च गर्न सकिने छैन ।

२३. **कोषमा न्यूनतम रकम सञ्चित गर्नु पर्ने**: (१) कोषको रकम दफा २१ को उपदफा (१) को खण्ड (ख) मा उल्लेखित कार्यमा बाहेक कोषको अन्य कामका लागि खर्च गर्दा कम्तीमा एक करोड रुपैयाँ कोषमा मौज्दात रहने गरी खर्च गर्नु पर्नेछ ।

(२) कोषको रकम दफा २१ को उपदफा (१) को खण्ड (ख) बमोजिमको कार्यको लागि खर्च भएको रकम प्रदेश सरकारले यथाशीघ्र कोषलाई सोध भर्ना गर्नेछ ।

२४. **कोषको लेखा र लेखा परीक्षण**: (१) कोषको आय-व्ययको लेखा प्रदेश सरकारले अवलम्बन गरेको लेखा प्रणाली बमोजिम राखिने छ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

(३) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) कोषको रकमबाट भएको खर्चको विवरण मासिकरुपमा सम्बन्धित निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ६
## समिति सम्बन्धी व्यवस्था

२५. समितिको गठनः (१) कोषको परिचालन तथा खोप कार्यको सम्पूर्ण काम कारबाही गर्नको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन् :-

(क) सचिव, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) निर्देशक, स्वास्थ्य निर्देशनालय -सदस्य

(ग) प्रशासन तथा योजना महाशाखा प्रमुख, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि, गृह तथा सञ्चार मन्त्रालय -सदस्य

(च) खोप कार्यक्रममा संलग्न व्यक्ति वा गैर सरकारी संस्थाहरु मध्येबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(छ) प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(ज) कानून अधिकृत, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(झ) प्रमुख, जनस्वास्थ्य महाशाखा, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले पदीय जिम्मेवारी

पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

२६. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: यस ऐनमा अन्यत्र लेखिएका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खोप कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने कार्यमा मन्त्रालयलाई सहयोग गर्ने,

(ख) कोषको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ग) खोप कार्यक्रमको सञ्चालन, विकास र विस्तार गर्नको लागि मन्त्रालयलाई आवश्यक सिफारिस गर्ने,

(घ) खोप कार्यक्रमलाई दिगो, भरपर्दो, विश्वासनीय र प्रभावकारी बनाउन कोषको लागि स्रोत जुटाउने,

(ङ) कोषको रकमबाट सञ्चालित कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने,

(च) कोषको रकम खर्च गर्ने सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही आवश्यक कार्यविधि बनाई लागू गर्ने,

(छ) दफा २९ बमोजिम गठित अनुसन्धान समितिको सिफारिस बमोजिम सहयोग एवं समन्वय गर्ने,

(ज) कोषको विकास तथा विस्तारको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(झ) कोषको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने वा गराउने ।

२७. समितिको बैठक र निर्णयः (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यक ठानेमा कोषको कार्यसँग सम्बन्धित कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. <u>**समन्वय समितिको गठन**</u>: (१) खोप कार्यक्रमको विकास, विस्तार गर्न तथा प्राकृतिक प्रकोप वा महामारी भएका बखत तत्काल खोप कार्यक्रम सञ्चालन गर्नु पर्ने विषयमा समितिलाई आवश्यक राय सल्लाह दिन एक खोप समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) प्रमुख, जनस्वास्थ्य महाशाखा, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) प्रमुख प्रशासन महाशाखा, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ग) प्रतीनिधि, खोप तथा जनस्वास्थ्य क्षेत्रको प्राविधिक अधिकृत स्वास्थ्य निर्देशनालय -सदस्य

(घ) प्रमुख अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) सभापति, नेपाल पिडियाट्रिक सोसाइटी मधेश प्रदेश वा निजले तोकेको सो सोसाइटीको प्रतिनिधि -सदस्य

(च) इपिडिमियोलोजिष्ट जनस्वास्थ्य विज्ञ र वरिष्ठ बालरोग विषेशज्ञमध्येबाट मन्त्रालयले मनोनीत गरेका एक जना महिला सहित दुई जना -सदस्य

(छ) खोप फोकल व्यक्ति, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समन्वय समितिले आवश्यक ठानेमा कोषको काममा सहयोग पुऱ्याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाका प्रतिनिधि वा खोप सम्बन्धी विषेशज्ञलाई समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (च) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा कुनै सदस्यले इमान्दारिपूर्वक काम नगरेमा वा पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले जुनसुकै बखत निजलाई अध्यक्ष वा सदस्यबाट हटाउन सक्नेछ ।

तर त्यसरी अध्यक्ष वा सदस्यबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(६) उपदफा (२) बमोजिमको समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. <u>अनुसन्धान समितिः</u> (१) प्रदेश स्तरमा गुणस्तरीय खोप सेवा सञ्चालन गर्न तथा खोप लगाएपछि हुन सक्ने अवाञ्छित घटनाको तत्काल अनुसन्धान गरी सोको प्रतिवेदन समिति समक्ष पेश गर्न अनुसन्धान समिति रहनेछ । यो समितिले संघीयस्तरमा भएको मापदण्ड तथा संघीयस्तरमा भएको अनुसन्धान समितिको सहयोग लिन सक्नेछ ।

(२) अनुसन्धान समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) बरिष्ठ बालरोग विषेशज्ञ मध्येबाट मन्त्रालयले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) प्रतिनिधि, औषधि व्यवस्था विभाग, काठमाडौं -सदस्य

(ग) प्रतिनिधि, नेपाल पिडियाट्रिक सोसाइटी, मधेश प्रदेश -सदस्य

(घ) स्वास्थ्य निर्देशक वा निजले तोकेको प्राविधिक अधिकृत प्रतिनिधि एक जना -सदस्य

(ङ) जनस्वास्थ्य विज्ञ एक जना

-सदस्य

(च) बरिष्ठ प्याथोलोजिष्ट एक जना

-सदस्य

(छ) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय

-सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यहरुको मनोयन मन्त्रालयले गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान समितिको अध्यक्ष वा मनोनीत सदस्यले इमान्दारिपूर्वक काम नगरेमा वा पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले जुनसुकै बखत निजलाई हटाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम अध्यक्ष वा मनोनित सदस्यलाई हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) उपदफा (२) बमोजिमको समितिले वाह्य विकास साझेदार संस्था (डब्लु.एच.ओ र युनिसेफ) बाट स्थाई प्रतिनिधि मनोनयन गरी सदस्यकोरुपमा तोक्न सक्नेछ ।

(८) उपदफा (२) बमोजिमको समितिको सचिवालयको काम मन्त्रालयको अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाले गर्नेछ ।

(९) उपदफा (२) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) समन्वय समिति वा अनुसन्धान समितिको सुझाव तुरुन्त कार्यान्वयन गर्नु पर्ने प्रकृतिको देखिएमा र समितिको बैठक तत्काल बस्न नसक्ने भएमा समितिको अध्यक्षले लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी त्यस्तो

सुझाव कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ ।

३०. **बैठक सम्बन्धी व्यवस्थाः** कोष सञ्चालन समिति, प्रदेश खोप समन्वय समितिको बैठक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ७

## सजाय र क्षतिपूर्ति

३१. **सजायः** (१) खोपको निर्धारित गुणस्तर कायम गर्नुपर्ने जिम्मेवार व्यक्तिले निर्धारित गुणस्तर कायम नगरेमा वा निर्धारित मापदण्ड बमोजिम खोप नदिएमा वा सो कार्यमा लापरवाही गरेमा त्यस्तो व्यक्ति सरकारी कर्मचारी भएमा निजलाई अख्तियारवालाले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ । त्यस्तो व्यक्ति निजी वा गैर सरकारी संघ संस्थाको व्यक्ति भएमा निजलाई पाँच हजार रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरीवाना हुनेछ ।

(२) कुनै पनि व्यक्ति वा संस्थाले खोप सेवा सञ्चालन गर्नुपूर्व यो ऐन बमोजिम मन्त्रालय वा मन्त्रालय अर्न्तगतको निकायबाट अनुमति प्राप्त नगरी खोप सेवा सञ्चालन गरेमा त्यसरी खोप सेवा

सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई कसूरको मात्रा हेरी पचास हजारदेखि पाँचलाख रुपैयाँसम्म जरीवाना सजाय हुनेछ ।

(३) यस ऐन बमोजिम खोप लगाउन अनुमति प्राप्त निजी, गैरसरकारी वा सामुदायिक संघ संस्थाले खोप लगाउँदा निर्धारित मापदण्ड विपरित वा लापरबाहीपूर्वक खोप लगाएमा त्यसरी खोप लगाउने संस्थालाई कसूरको मात्रा हेरी पच्चिस हजार रुपैयाँ देखि पचासहजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(४) खोप सेवा प्रदान गर्ने वा गराउने कार्यमा खटाईएको स्वास्थ्यकर्मी वा चिकित्सक खटाएको ठाउँमा नगई वा खोप सेवा प्रदान गर्ने कार्यमा असहयोग गरेमा निजलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

(५) यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम विपरीत अन्य कुनै कार्य गरेमा वा खोप सेवा प्रदान गर्ने सम्बन्धमा दिएको आदेश वा निर्देशन पालना नगरेमा सम्बन्धित व्यक्तिलाई पाँच हजार

रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(६) यो ऐन बमोजिम खोप सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध गर्ने व्यक्तिलाई दशहजार रुपैयाँसम्म र संस्थालाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

३२. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>: यस ऐन बमोजिम सजाय हुने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

३३. <u>उपचारको व्यवस्था गर्नु पर्ने</u>: (१) खोप कार्यक्रम अर्न्तगतको खोप लगाएकै कारणबाट खोप लिएको व्यक्तिको स्वास्थ्यमा गम्भिर असर भएको कुरा दफा २९ मा उल्लेखित अनुसन्धान समितिबाट भएको खोज, अनुसन्धानबाट प्रमाणित भएमा त्यस्तो व्यक्तिको स्वास्थ्य उपचारको व्यवस्था प्रदेश सरकारले गर्नु पर्नेछ ।

(२) खोप कार्यक्रममा समावेश भएका तर निजी, गैरसरकारी वा सामुदायिक स्वास्थ्य संस्था वा निकाय आफैले खरिद गरी लगाएका वा खोप कार्यक्रममा समावेश नभएका अन्य खोप लगाएको कारणबाट खोप लिएको व्यक्तिको स्वास्थ्यमा गम्भिर असर भएमा त्यस्तो व्यक्तिको स्वास्थ्य उपचारको व्यवस्थाको जिम्मेवारी उक्त निकायको हुनेछ ।

(३) खोप कार्यक्रम अर्न्तगत खोप लगाएका व्यक्तिहरुको सोही कारणबाट मृत्यु भएको वा अङ्गभङ्ग भई गम्भिर शारीरिक वा मानसिक क्षति पुगेको प्रमाणित हुन आएमा तोकिए बमोजिमको क्षतिपूर्ति खोप कोषबाट प्रदेश सरकारले उपलब्ध गराईनेछ ।

३४. <u>मुद्दाको कारबाही किनारा र पुनरावेदन</u>: यस ऐन बमोजिम सजाय हुने मुद्दाको कारबाही र पुनरावेदन प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद- ८

## विविध

३५. **प्रोत्साहन र पुरस्कार**: खोप सेवाका क्षेत्रमा उत्कृष्ट योगदान गर्ने संस्था वा व्यक्तिलाई प्रदेश सरकारले प्रोत्साहन तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

३६. **चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने**: मन्त्रालयले खोपको फाइदा र समयमा खोप नलगाएमा स्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभाव समेतका बारेमा नियमित रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३७. **आदेश वा निर्देशन दिन सक्ने**: (१) यस ऐन बमोजिम खोप सेवा प्रभावकारी रुपमा सञ्चालन गर्न मन्त्रालयले सम्बन्धित निकाय वा कर्मचारीलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३८. **प्रतिवेदन पेश गर्नु पर्ने**: यस ऐन बमोजिम खोप लगाउन इजाजत प्राप्त गैरसरकारी, निजी तथा सामुदायिक स्वास्थ्य संस्था वा अन्य निकायले खोप

कार्यक्रम अन्तर्गत सञ्चालन गरेको खोप कार्यक्रमको प्रगति विवरण तथा खोप कार्यक्रम बाहेकका अन्य खोप सेवा सञ्चालनको प्रगति तथा वित्तीय विवरण सम्बन्धी प्रतिवेदन तोकिएको निकायमा तोकिएको अवधी भित्र पेश गर्नु पर्नेछ ।

३९. <u>असल नियतले गरेको कामको बचाउ</u>: यो ऐन वा यस ऐन अन्तगर्त बनेको नियमको अधिनमा रही असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा कुनै पनि व्यक्ति वा संस्थालाई सजाय गरिने छैन ।

४०. <u>सहयोग गर्नु पर्ने</u>: खोप सेवा सञ्चालनको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित स्थानिय तह, निकाय, कार्यालय र व्यक्तिको कर्तव्य हुनेछ ।

४१. <u>अधिकार प्रत्यायोजन</u>: (१) मन्त्रालयले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार समिति, मन्त्रालय अर्न्तगतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) दफा २५ बमोजिमको समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये

आवश्यकतानुसार केही अधिकार कुनै उपसमितिको अध्यक्ष, सदस्य, सदस्य सचिव वा प्रदेश सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४२. निर्देशन दिन सक्नेः (१) मन्त्रालयले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

४३. खोप महिनाको रुपमा मनाउनेः खोप सेवा सञ्चालन गर्ने निकायले प्रत्येक वर्ष चैत्र महिना भित्र स्वास्थ्यकर्मीको संलग्नतामा घरधुरी सर्वेक्षण, अभिलेख, समीक्षा, सुक्ष्म योजना अध्यावधिक, पूर्णखोप सुनिश्चताको अवस्थालाई कायम राख्दै बैशाख महिनालाई खोप महिनाको रुपमा मनाउनेछ ।

४४. वार्षिक प्रतिवेदन पेश गर्नेः (१) समितिले आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्न सक्नेछ ।

४५. **खोप नीति बनाउन सक्ने**: प्रदेश सरकारले खोप समन्वय समितिको सिफारिसमा समय समयमा प्रदेश खोप नीति बनाई लागू गर्न सक्नेछ ।

४६. **नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरक ारले आवश्यक नियम बनाउन सक्नेछ ।